# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

प.सं. प्रशासन /०६९/०७०　　　　　　　　　　　　　　　　　　मिति :– २०६९।५।६
च.नं.

**विषय : निर्णय उतार पठाइएको सम्बन्धमा ।**

श्री सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
न.पा. व्यवस्थापन शाखा
सिंहदरवार ।

प्रस्तुत विषयमा यस कार्यालयको न.पा. वोर्डले मिति २०६९ साल श्रावण महिनामा गरेको निर्णय उतार तपसिल बमोजिम रहेको व्यहोरा अनुरोध छ ।

**तपसिल**

**मिति २०६९।६।२२ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

नगरपालिका वोर्ड बैठक प्रमुख एंव कार्यकारी अधिकृत श्री टीकादत्त राई ज्यूको अध्यक्षतामा निम्न उपस्थितिमा बस्यो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री टीकादत्त राई | – | प्रमुख/का.अ. सि.न.पा. |

**आमन्त्रीत**

| | | |
|---|---|---|
| श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | – | ब.ई. सि.न.पा. |
| श्री बिवेक कुमार खनाल | – | ब.अ. सि.न.पा. |
| श्री गणेश बहादुर क्षेत्री | – | ब.अ. सि.न.पा. |
| श्री श्रीराम गुप्ता | – | अध्यक्ष, कर्मचारी एशोसिएशन |
| श्री देव प्रसाद ज्ञवाली | – | ना.सु. (प्रशासनिक काम गर्ने) |

**निर्णय नं. १(एक)**

सिद्धार्थनगर नगरपालिका अर्न्तगत वडा नं. ८ रविपथ उत्तर दक्षिण दुर्गा मन्दिर हुदै विद्युत प्राधिकरण सम्म सतह ढल निर्माण कार्यको कार्य सम्पन्न म्याद २०६८ चैत्र मसान्त सम्ममा म्याद भएकोमा उक्त निर्माण कार्य बर्षादको कारणले हाल सम्म सम्पन्न गर्न नसकेकोले म्याद थपका लागी अनुरोध भै आएकोमा सोही अनुसार २०६९ मार्ग मसान्त सम्म कार्य सम्पन्न गर्ने शर्तमा कवुलियतनामा समेत गराई म्याद थप गर्न र सो समयमा कार्य सम्पन्न नगरे नियमानुसार हर्जाना असुल उपर गर्ने र ठेक्का तोड्ने सम्मको कारवाही गर्ने गरी अन्तिम पटक म्याद थप गर्ने निर्णय गरियो ।


फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**निर्णय नं. २ (दुई)**

यस नगर क्षेत्रमा ठेला गाँडाको संख्या निर्धारण नगर्दा ट्राफिक व्यवस्थापन गर्न र सरसफाई व्यवस्थापनमा समेत कठिनाई सिर्जना हुने भएकोले हाललाई नियमानुसार नविकृत नभएका ठेलाहरु प्रकृया पुरा गरी दर्ता खारेज गर्ने प्रकृया अगाडी बढाउने र अब उपरान्त ३००।–(तिन सय) मा नबढने गरी ठेला दर्ता तथा नविकरण गर्ने व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३(तिन)**

आर्थिक प्रशासन महाशाखा प्रमुखले पेश्की मिनाहा सम्बन्धि मिति २०६९।६।१७ गते पेश गर्नु भएको टिप्पणी बमोजिम २०(बिस) बर्ष भन्दा पहिले देखिको विभिन्न व्यक्ति सघ /संस्थाको नाममा बाँकी रहेको रु १।– देखी रु १,५००।– सम्मको पुरानो बाँकी पेश्की सि.नं. १ देखि ५० सम्मको कुल रु २३,२२९।११ ( अक्षेरुपी तेईस हजार दुई सय उन्तिस रुपैया पैसा एघार) पेश्की रकम स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली २०६४ को नियम २०९ को उपनियम (१) अनुसार मिन्हा फरर्छौट गरी अनुमोदनका लागी बैठकमा पेश गर्ने निर्णयानुसार उक्त पेश्की मिन्हा फरर्छौट अनुमोदन गरियो ।

**निणर्य नं. ४( चार)**

निम्न लिखित संघ, संस्था तथा व्यक्तिहरुलाई देहाय अनुसार दिएको अनुदान आर्थिक सहयता अनुमोदन गरियो । र निम्नानुसार संस्थालाई अनुदान दिने निर्णय गरियो ।

१. सिद्धार्थ एशोसिएशन अफ ट्राभल एजेन्टसलाई रु ५,०००।– (अक्षेरुपी पाँच हजार मात्र)
२. श्री सिद्धार्थ सुरक्षित मातृत्व संजाल, संस्थालाई रु ५,०००।– (अक्षेरुपी पाँच हजार मात्र)
३. श्री कारागार कार्यालयको कैदीलाई दशै मनाउन रु ५,०००।– (अक्षेरुपी रु पाँच हजार मात्र)
४. क्षेत्री समाज नेपाल, सिद्धार्थनगरलाई रु ५,०००।– (अक्षेरुपी पाँच हजार मात्र)
५. सृजनशिल साहित्यीक समाज, भैरहवालाई रु ५,०००।– (अक्षेरुपी पाँच हजार मात्र)
६. बुद्धज्योति कलेज, भैरहवालाई क्रिकेटका लागी रु १०,०००।– (अक्षेरुपी दश हजार मात्र)
७. मगर युवा संगठन, वार्ड नं ४ लाई दशैपर्वका लागी रु १,५००।– (अक्षेरुपी एक हजार पाँच सय मात्र)
८. श्रीदुर्गन शिवकृष्ण मन्दिर संचालक समिति, वार्ड नं. ४ लाई रु २,५००।–(अक्षेरुपी दुई हजार पाच सय मात्र)
९. श्री दुर्गा मन्दिर तथा मौला पुजा समिति, मेउडिहवा वार्ड नं. २ लाई रु २०००।– (अक्षेरुपी दुई हजार मात्र)
१०. श्री नवदुर्गा पुजा समारोह समिति, वार्ड नं. ९ बुद्धचौकलाई रु १,५००।– (अक्षेरुपी एक हजार पाँच सय मात्र)
११. रामकेवल श्री श्रीनवदुर्गा पुजा समिति, वार्ड नं ६ लाई रु २,५००।– (अक्षेरुपी दुई हजार पाँच सय मात्र)
१२. रुपन्देही क्रिकेट संघ, जिल्ला स्तरिय क्रिकेट संचालन गर्न रु १५,०००।– (अक्षेरुपी पन्ध्र हजार मात्र)
१३. रमेश मल्ल, दुर्गा पुजा गर्नको लागी रु २,५००।–(अक्षेरुपी दुई हजार पाँच सय मात्र )
१४. मुस्लिम वेलफेयर सोसाईटी, भैरहवा वार्ड नं. ६ स्वागत एवं विदाई कार्यक्रम (हज यात्री) लाई रु १०,०००।– (अक्षेरुपी दश हजार मात्र )
१५. श्री भगवान विश्वकर्मा मन्दिर संचालक समिति, सि.न.पा. वार्ड नं ४ लाई निर्माण सामाग्री खरिद वापत रु

२०,०००।– अक्षेरुपी बिस हजार मात्र)

**निर्णय नं. ५(पाँच)**

लुम्बिनी प्रतिष्ठान नेपाल सिद्धार्थनगर ७ लाई, लुम्बिनी भ्रमण बर्ष २०१२ को पुनित अबसरमा बृहत लुम्बिनी क्षेत्रका पर्यटकिय सम्पदा नामक पुस्तक थान ६० को रु २०,०००।– (अक्षेरुपी बिस हजार मात्र) दिने निर्णय गरियो ।

**निर्णय नं. ६ (छ)**

लुम्बिनी पर्यटन महोत्सव तथा राष्ट्रिय औधोगिक व्यापार मेला २०६९ आयोजक समितिको च.नं. १२७ मिति २०६९।६।१५ को प्राप्त प्रस्तावना अनुसार सो आयोजक समितिबाट लुम्बिनी भ्रमण बर्ष २०१२ र लगानी बर्ष २०१२ को अबसर पारेर २०६९ मार्ग २१ देखी पौष १ गते सम्म सिद्धार्थनगरको समर्ग आर्थिक कृषि तथा पर्यटकिय विकासमा सहयोग पुरयाउने उद्देश्यले सिद्धार्थनगर नगरपालिकाको वार्ड नं. ३ स्थित सिद्धार्थ रंगशालामा पाँचौ पटक मेला - २०६९ आयोजना गरेकाले सो औधौगिक व्यापार मेलालाई सफलता पुर्वक सम्पन्न गर्न यस नगरपालिकालाई उक्त मेलाको सह - आयोजना गरि दिन अनुरोध भई आए अनुसार सो प्रस्तावलाई सहर्ष स्वीकार गर्दै भविष्यमा पनि यस्तो प्रशसनिय कार्यहरुमा सहकार्य गर्ने प्रतिबद्धता साथ सो मेलाको सह - आयोजकको रुपमा नगरपालिकाले मेला सम्पन्न गर्न सह - आयोजकको भुमिका निर्वाहा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७(सात)**

संयुक्त बजार अनुगमन निर्देशिका २०६९ बमोजिम नगरपालिकाको संयोजनमा बजार अनुगमनमा सहभगी न.पा. का कर्मचारी, सम्बन्धित कार्यालयका कर्मचारी, संघ संस्थाका प्रतिनिधि र पत्रकारलाई प्रति व्यक्ति प्रतिदिन खाना खर्च वापत रु २००।–(दुई सय मात्र) दिने निर्णय गरियो ।

**मिति २०६९।६।२५ गतेको न.पा. बोर्ड बैठकको निर्णय उतार**

**निर्णय नं. १ (एक)**

यस नगरपालकाको १४ औं नगरपरिषदबाट यस नगरपालिकामा आ.ब. २०६८।०६९ का लागी सडक बोर्ड नेपालबाट सडक मरमत संभारका लागी प्राप्त हुने रकम रु ४५,५०,०००।– बाट यस नगरपालिकाको निम्न सडकहरु मर्मत संभार गर्ने निर्णय भए अनुसार सडक वोर्डबाट प्राप्त रकममा ३० प्रतिशत रकम न.पा.ले थप गरी जम्मा रकम रु ६४,९२,८८७।६६ को कुल लागत अनुमान निर्माण गरी ठेक्का प्रकृयाबाट गर्न बोलपत्र आव्हान गरी सूचना प्रकाशित गर्दा सि.न.पा. ९ को टृष्टि निर्माण सेवाको रु ५१,९७,३६३।८१ को बोलपत्र स्वीकृत भई न.पा. बाट कार्यादेश दिएकोमा हाल निर्माण ब्यबसायी (ठेकेदार) बाट करीव ९२ प्रतिशत मर्मत संभार कार्य गरी सकेकोले सडक बोर्ड नेपालमा दोस्रो किस्ता रकम निकासा माग गर्ने निर्णय गरियो ।

**तपशिल**


"एक घर एक चर्पी नजिकैमा धारा, खुल्ला दिशा मुक्त नगर बनाउँ हामी मिली सारा" - सिद्धार्थनगर नगरपालिका
फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५
e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np

**सडकको नामहरु :–**

| | | |
|---|---|---|
| (१) कोटईमाई पथ | (२) सिमा पथ | (३) बिमानघाट पथ |
| (४) गल्लामण्डी पथ | (५) नारायण पथ | (६) शान्तीनगर |
| (७) स्वर्गद्धारी पथ | (८) दया पथ | (९) हिमाली पथ |
| (१०) दुर्गा पथ | (११) भाजुरत्न पश्चिम शिव पथ | (१२) बिद्रोही चोक पश्चिम |
| (१३) जनकपथ | (१४) लुम्बिनी सडक कोल्ड स्टोर शिव मन्दिर पथ | (१५) तीनतारा पथ |
| (१६) सानो कलोनी रवि पथ | (१७) मैत्री पथ | (१८) बैंकरोड । |

**निर्णय नं. २ (दुई)**

श्री विन्ध्यवासिनी युवा समिति सिद्धार्थनगर नगरपालिका -२, मेउडिहवाले यस बर्ष माता भगवतीको जागरण समारोह गर्न आर्थिक सहयोगका लागी अनुरोध भई मिति २०६९।६।२४ मा निवेदन पर्न आएको हुदा सो कार्यक्रम गर्न रु १०,०००।– (अक्षेरुपी दश हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो ।



फोन नं. : ५२०३५५, ५२०९०८, ५२०२९२, फ्याक्स : ००९७७-७१-५२०१६५

e-mail: siddhartha_bhw@ntc.net.np; http/:www.siddharthanagar.org.np